श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले गजुरी सिंचाइ योजनाको लागि बाग्मती अंचल, धादिङ जिल्ला, गजुरी पञ्चायत वडा नं. १ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय भएकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कुलो, पश्चिम यही कित्ताको बाँकी जग्गा, उत्तर मरीचबहादुरको खेत, दक्षिण यसै कित्ताको बाँकी जग्गा यति ४ किल्लाभित्रको धादिङ माल कार्यालयमा दर्ता भैरहेको मालपोत रू. २।३७ बुझाउनु पर्ने रसीद नं. १२२ को चन्द्रवीर खरेल सुमोरा खेत भन्ने माटो मुरी ।५।५ मध्येबाट ।१।१२।४ (एक मुरी बान्ह पाथी चार माना) को मालपोत रू. ।७३ (त्रिहत्तर पैसा) लागेको कित्ता ।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

68C

६४८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।